# सड़क सुरक्षा जागरूकता एवं र्‍याली आयोजित

**गान्तोक, १२ मार्च।** यातायात विभागको मोटर वाहन प्रभागले पूर्व सिक्किमको पाकिममा सड़क सुरक्षा जागरूकताका साथै र्‍याली आयोजन गर्‍यो। गत शनिबार आयोजित उक्त कार्यक्रममा एआरटीओ डीपी शर्माले विद्यार्थीहरू र आम मानिसहरूको सड़क सुरक्षा जागरूकताको आवश्यकताबारे जानकारी दिए। उनले अत्याधिक गति, वाहन चलाउँदा फोनको प्रयोग, चालकको लापरवाही, थकान, ट्राफिक नियम पालन नगर्नु आदि विभिन्न कारणले दुर्घटना हुने गरेको बताए। यसरी नै उप-आरटीओ जेबी थापाले दुर्घटनाका विविध कारणहरू र यसका प्रत्यक्ष अनि अप्रत्यक्ष प्रभावहरूबारे जानकारी दिए। उनले भने, 'प्रत्येक वर्ष लगभग ५ लाख सड़क दुर्घटना हुन्छ जसमा लगभग १.५ लाख मानिसहरूको ज्यान जान्छ। दुर्घटनामा मर्ने व्यक्तिहरूको हरदर आयु १५ देखि ४५ रहेको पाइन्छ जुन सबैभन्दा उत्पादक उमेर हो। उनले मानव सुरक्षाको निम्ति विद्यार्थीहरू, जन साधारण र हित धारकहरूलाई सड़क सुरक्षाबारे जानकारी राख्न सुझाउ दिए। अर्कोतिर, जागरूकताअन्तर्गत डिकलिङ उच्चतर माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई लिएर सड़क सुरक्षाबारे निबन्ध लेखन र चित्रकला प्रतियोगिता पनि आयोजन गरियो।

# नागरी फार्मका श्रमिकहरूले बोनस पाएका छैनन्

**घूम, १२मार्च।** पोख्रेबुङ ग्राम पञ्चायत अन्तर्गत नागरी फार्म चियाबारीका श्रमिकहरूले गत वर्षको पूजा बोनसको दोस्रो किस्ता आजसम्म पाउन सकेका छैनन्। नागरी फार्मकै नजिक रहेको सांगमा चिया बगानमा बोनसको दोस्रो किस्ता वितरण भइसकेको। यसरी अरूले बोनस पाउँदा र आफूहरूले भने नपाउँदा नागरीका श्रमिकहरूले रोष प्रकट गरे। पछिल्लो १०५ दिनको पहाड़ बन्दबाट सबैभन्दा बढ़ी चिया श्रमिकहरू प्रभावित बनेको गुनासो श्रमिकहरूले राखे। सरकारी तथा कतिपय गैर सरकारी संस्थानहरूमा कार्यरत श्रमिकहरूले बन्द अवधि अर्थात तीन महिनाको वेतन ढिलै भए पनि पाइसकेका छन् तर चिया श्रमिकहरूले आफ्नो सर्वस्व गुमाउनु परेको छ, उनीहरूले भने। पत्तीको सिजनमा बन्द भएको कारण बोनस मात्र नभएर खर्च र तलब समेत समयमा पाउन नसकेको बताउँदै उनीहरूले दार्जीलिङका सम्पूर्ण नेताहरूप्रति आक्रोश प्रकट गरेका छन्। लुहिया कम्पनी अधिनस्थ रहेको नागरी फार्म चियाबारीका श्रमिकहरूले कम्पनीले मात्र नभएर स्थानीय राजनैतिक पार्टीहरूलेसम्म छलेको आरोप लगाएका छन्। कमानबाट दबाई-पानीको उचित व्यवस्था नरहेको र अंग्रेजको समयमा पाउने सहुलियतहरूसम्ममा कटौटी भइरहेको उनीहरूले बताएका छन्। श्रमिकहरूको हितमा कुनै पनि राजनैतिक पार्टीले आवाज नउ-ठाएको र चुनाउको समयमा मात्र ठूल्ठूला सपनाहरू देखाउने तर चुनाउ सकिएपछि वास्तै नगरेको आरोप श्रमिकहरूले लगाएका छन्। १०५ दिनको बन्द अवधिको ऋण टाउकोभरि बोकेका श्रमिकहरूले अहिलेको अवस्थामा नानीहरूको खाता-किताब र स्कूलको खर्च सहित अन्य समस्याहरू रहेकोले चाँड़ै बोनसको दोस्रो किस्ता दिनुपर्ने माग गरेका छन्।

**SASHASTRA SEEMA BAL**
**Notice Inviting e-Tender**
**(Second Call)**
**Executive Engineer, O/o Inspector General, SSB, Ftr Hqr Siliguri,** invites on behalf of President of India online item rate e-tenders from eligible CPWD, MES, P&T, State PWD, Irrigation, and working Contractors of SSB for:- **(1)** Repairing of SPT and Prefab structures at Marchak under SHQ, SSB Gangtok **NIT No. FTRS/21/17 dt. 12/03/18.** All Details, tender terms and condition alongwith tender documents of ibid e-tender can be obtained from the website www.ssb.nic.in and http://www.eprocure.gov.in. Any changes/modification in the tender enquiry will be intimated through above website only. Contractors/Firms/Bidders are therefore, requested to visit our website regularly to keep themselves updated.
EXECUTIVE ENGINEER

**B.Ed/M.Ed/D.El.Ed**
Admissions open for session 2018 - 20 under WBUTTEPA & WBBPE (W.B) and CRSU & MDU (Haryana) approved by UGC-NCTE-NAAC
• Regular and distance mode • Hostel • Practical Assignments • Notes • Instalment Facility • **Our Achievements:-** 100% result with minimum SGPA 7.4 (74%) marks in the exam 2017. [ Low Fees Quota- 30 students only on the "First- Come, First Serve Basis" ]*
Distance/ Regular/ Part-Time University Courses ( Current & Back Session)
UG courses:- B.A/ B.com/ B.sc (PCM / ZBC/ IT), BCA, BBA, B.LiB etc.
PG courses:- M.A/ M.com/ M.sc/ MCA/ MBA (Dual Specialization) M.Lib etc.
Diplomas:- Engineering / ITI, Boards:- Class X and XII ( Govt. & Private)
Cont- ICMS(B.Ed) Institute-Siliguri, 4,Ashutosh Mukherjee Rd, College para, Near Siliguri Court, BSNL(GM) Office, behind Siliguri Boys' High School, Opp. Canara Bank
PH-9832320310 / 7908328220 Email : siliguri.icms@gmail.com

**UDISHA COACHING**
REGULAR CLASSE –ICSE / ISC / CBSE -IX / X / XI/XII
• Coaching for NEET /IIT JEE (2018)
• CLASSES from 23rdmarch2018. Registration going on! PROVIDING IMPORTANT COMPACT NOTES, MOCK TEST. All Faculties are Highly Experienced.(Coaching for all COMPETITIVE-RECRUITMENTS-SPSC, HRDD, UPSC, IBPS, SSC,
• GT (MATH & SCIENCE) GT ARTS, PGT)
UDISHA –SINCE 2007 PNG ROAD
934137448 /7110010849

**KANHAIYA JEWELLERS**

यहाँ सक्कली नेपाली सुन (24 कैरट) रेडिमेड अर्नामेंट र तपाईको अर्डरमा पाइन्छ।
विश्वास तपाईको, भरोसा हाम्रो।
**Specialist in :**
24 /24cts., 24cts., 22/22 cts. &22cts. (KDM)
Available Monthly Savings Scheme
Meghdoot Cinema Building
Hill Cart Road, Siliguri.
Ph: 0353-2520047(S), 2561725(R)
WE ACCEPT DEBIT & CREDIT CARD
FOREIGN MONEY EXCHANGE

**Affidavit**
I, Manisha Basnet (Chhetri),D/o. Radha Chhetri (Mother) & Indra Bahadur Chhetri (Father), resident of Jaigaon, Pragati Toll, Jaigaon(CT) Kalchini, Jalpaiguri, West Bengal do hereby solemnly declare that my name has been recorded as Manisha Basnet (Chhetri) in my Aadhaar Card, Voter Card & Pan Card but in all my educational documents my name has been recorded as Manisha Basnet. So, Manisha Basnet (Chhetri) & Manisha Basnet is the same and one identical person, vide affidavit before the LD. Notary Public at Siliguri.

**WANTED**
HOWARD Senior Secondary School Buxar & Rohtas requires Principal and Teacher for all subjects from Nursery to ten Standard. Interested candidates can call at
07654939991
09431682128
E-mail: howardsss11@gmail.com
Salary 8000/- to Rs. 12,000/- with lodgning.

**फिजियोथेरापी**
२७ बर्षको अनुभवी फिजियोथेरापिस्टबाट जोइन्ट पेन, प्यारालाइसिस, ब्याक पेन आदिको सफल उपचार गराउनु होस्।
सम्पर्क: दत्त फिजियोथेरापी सेन्टर सिलगढ़ी
फोन: 89275 81836
89725 44995, 97495 44447

**NEED LIC HOUSING LOAN CONTACT :**
NO : 8348574294
9434445010
NOTE : GOVT EMPLOYEES ONLY

**Tribal land for Sale**
Premium and planned residential plots for sale in Khaprail, only 6 kms from Siliguri city.
Please contact for details:
8670964205/9832008231/8016615336/9735447010

# गोर्खाहरूलाई जनजातको मान्यता प्रदान गर्न आरपी शर्माको माग

**प्रजाशक्ति समाचार:: गुवाहाटी::** १२ मार्च:: सांसद आर पी शर्माले पुन एकपटक गोर्खाहरूलाई जनजातिको मान्यता प्रदान गर्न केन्द्र सरकारसमक्ष माग गरेका छन्। संसदको बजेट सत्र चलिरहेको समयमा तेजपुर लोकसभा क्षेत्रका सांसद तथा असम गोर्खा सम्मेलनका सभापति आर पी शर्माले संसदमै लिखित रूपमा यो माग उठाएका हुन्। सांसद शर्माले उल्लेख गरेका छन् कि, २०१६ सनमा केन्द्र सरकारका समग्र भारतका गोर्खाहरूका १३ वटा जात गोष्ठीलाई जनजातिको मान्यता प्रदान गर्ने आश्वासन दिंदै संयुक्त सचिव अशोक पाइ र पछि विसु मैनीको नेतृत्वमा एउटा पर्यवेक्षण समिति गठन गरेको थियो। शर्माले अझ भने - यो पहलले भारतका एक करोड गोर्खालाई समेट्ने छ। यसका साथ साथै पूर्वोत्तरका गोर्खाहरूले समय समयमा विदेशीको लाञ्चनाका साथ साथै आर्थिक, सामाजिक समस्या झेल्दै आएका ३५ लाख गोर्खाहरूले न्याय पाउनेछन्। त्यसैले गर्दा अति चाँडै गोर्खाहरूलाई जनजातिको मान्यता दिलाइयोस भनी सांसद शर्माले माग गरेका छन्। उल्लेखनीय छ कि, सांसद शर्माले यसअघि पनि गोर्खाहरूलाई जनजातिको मान्यता दिलाउने माग गर्दै प्रधानमन्त्री, जनजाति मामिलाका मन्त्री जुवेल उराउँलाइ पत्र लेखेका थिए।

# हायर सेकेण्ड्रीको जीव विज्ञानको परीक्षा स्थगित

**प्रजाशक्ति समाचार:: गुवाहाटी::** १२ मार्च:: असम उच्चतर माध्यमिकको अन्तिम वर्षको जीवन विज्ञानको परीक्षा बोर्डले स्थगित गरेको छ। आगामी १७ मार्चका दिन हुने यो परीक्षा २४ मार्चका दिम अनुष्ठित हुनेछ। अर्कातिर, उच्चतर माध्यमिक परीक्षाको प्रश्नपत्र लिक घटनाको छानबीन सीआईडीले गर्नेछ। सीआईडीले आगामी एक साताभित्रमा छानबीनको प्रतिवेदन सुम्पिनु पर्नेछ। यसअघि प्रश्नपत्र लिक भएको घटनाको छानबीन गर्न शिक्षा विभागले एउटा छानबीन समिति गठन गरेको थियो। समग्र गडबडीको एउटा न्यायिक छानबीन गरिनेछ र प्रयोजन प-यो भने जीव विज्ञानको परीक्षा पछि सारेर नयाँ प्रश्नपत्रका साथ पुन परीक्षा गरिनेछ भनी आइतबार शिक्षामन्त्री दा हिमन्त विश्व शर्माले सञ्चार माध्यमसामु बताएका थिए। उल्लेखनीय छ कि, गोवालपाड़ाको सायन्स एकाडेमी नामको निजी विद्यालयको मोडल प्रश्नपत्रसँग अहिले चलिरहेको उच्चतर माध्यमिक अन्तिम वर्षको विज्ञान शाखाको विभिन्न विषयको प्रश्न मिलेको भनी उठेको अभियोगको विषयमा शिक्षा संसदका अध्यक्ष दयानन्द बरगोहाईं र सचिव कमल गोगोईले आसूसँग सोमबार एउटा बैठक गरेका थिए। उक्त बैठकपछि आसूका मुख्य सल्लाहकार समुज्वल भट्टाचार्यले जीव विज्ञानको परीक्षा स्थगित गर्न फैसला लिएको जानकारी गराएका हुन्।

## उग्रवादीलाई सरकारी धन दिएको आरोप
# नागाल्याण्डका निवर्तमान मुख्यमन्त्री जेलियाङलाई 'एनाआइए'को समन

प्रजाशक्ति समाचार:: कोहिमा:: १२ मार्च:: नागाल्याण्डमा नयाँ सरकार गठन भएको तीन दिनमै हालै मुख्यमन्त्रीबाट राजीनामा दिएका टीआर जेलियाङलाई ठूलो झटका पुगेको छ। राज्यका निवर्तमान मुख्यमन्त्री टी आर जेलियाङले सशस्त्र प्रतिबन्धित उग्रवादी सङ्गठनलाई राज्य सरकारको पैसा दिएको अभियोगमा राष्ट्रिय जाँच एजेन्सीले समन जारी गरेको छ। यो समनमा पूर्व मुख्यमन्त्रीलाई आगामी १३ मार्चका दिन एनआईएको दिल्लीको लोधी रोडस्थित कार्यालयमा यस मुद्दाको छानबीन गरिरहेका विभागका उप पुलिस अधीक्षक यशबीर सिंहसामु बिहान १० बजे पेश हुन निर्देश जारी गरिएको छ। पूर्व मुख्यमन्त्रीलाई एनआईएमा दर्ता भएको मुद्दा नं आरसी-०१/२०१६/एनआइए-जीएडब्ल्यू फौजदारी कार्यविधिको अधीनमा समन जारी गरिएको छ। उल्लेखनीय छ कि, जेलियाङ मुख्यमन्त्री रहेको समयमा सरकारका प्राय १४ वटा विभागले राज्यको सशस्त्र उग्रवादी सङ्गठन एनएससीएन (आईएम) र एनएससीएन (के) लाई व्यापक मात्रामा धन दिएको थियो भनी आरोप लागेपछि यस सन्दर्भमा केन्द्रीय छानबीन संस्थाले मुद्दा दर्ता गरेको थियो। यसका साथै २०१७ सनको १८ जनवरीका दिन छानबीन संस्थाले धेरैवटा विभागमा तलासी चलाएर प्राय २ करोड रूपियाँ रसीद पनि फेला पारेको थियो। अर्कातिर, राज्यको विधानसभाको चुनावअघि अघि यस सन्दर्भमा सोधपुछ गर्नका लागि जेलियाङ सरकारका धेरैजना शीर्ष अधिकारीलाई एनआइले समन जारी गरेको थियो। यहाँसम्म कि, सरकारी धन सशस्त्र सङ्गठनलाई ट्रान्सफर गरेको आरोपमा धेरैजना अधिकारीलाई पोहोर साल गिरफ्तार पनि गरेको थियो।

# आश्वासनको भण्डार मात्र हो यो बजेट : गोगोई

प्रजाशक्ति समाचार:: गुवाहाटी:: १२ मार्च:: आज विधानसभामा अर्थमन्त्री डा हिमन्त विश्व शर्माले पेश गरेको बजेटको विपक्षी नेताहरूले कडा भाषामा आलोचना गरेका छन्। सरकार तथा पार्टीका मानिसले यसलाई जनहितको बजेट बताएका छन् भने यसका विपरीत विपक्षी पार्टी कांग्रेस भने बजेटको आलोचनामा उग्र भएको छ। पूर्व मुख्यमन्त्री तरूण गोगोईका अनुसार यो बजेट केवल आश्वासनको भण्डार मात्र हो। 'हिमन्त विश्व आश्वासन दिनमा अघि देखिनै राम्रा हुन्, उनका अघिका बजेट पनि यस्तै आश्वासनले भरिएको थियो। गत दुईवटा बजेटमा हामीले आश्वासन बाहेक मैदानी क्षेत्रमा केही पनि लागू भएको देखिएको छैन।' गोगोईले उक्त बजेटको अझ आलोचना गर्दै भने कि, योजना लिनु ठूलो कुरो होइन, ती योजनाहरू कार्यान्वयन गर्नु चाहिं ठूलो कुरा हो। यो बजेटको भाषण सुन्दा यस्तो लाग्यो कि, असममा केही पनि समस्या छैन। यता पूर्व कांग्रेसी मन्त्री रकिबुल हुसैनले पनि बजेटको आलोचना गर्दै भने कि, वास्तवमा परिणत गर्न नसकिने सपनाको बजेट हो। भाजपा सरकारको बजेटलाई कष्य स्थिर नगरिएको बजेट हो भनी बताएका छन्। उनले भने कि, ३ करोड २० लाख जनतामा ३५ प्रतिशत बृद्ध मानिस छन्। महिनाको हिसाबमा २५० रूपियाँ गरेर दिंदा पनि १६ लाख बृद्धलाई ४८० करोड रूपियाँको जरूरत पर्छ। तर उनीहरूले बजेटमा ४८० करोड भन्दा कम्ती रूपियाँ बजेटमा निर्द्धारण गरेका छन्। सत्तारूढ पार्टीका प्रदेश अध्यक्ष रञ्जीत दासले बजेटको प्रशंसा गरेका छन्। बजेटको स्वागत गर्दै प्रदेश अध्यक्षले भने कि, यस्तो सर्वव्यापी र सर्वस्पर्शी बजेट गरेकोमा मुख्यमन्त्री सर्वानन्द सोनोवाल र अर्थमन्त्री डा हिमन्त विश्व शर्मालाई अभिनन्दन ज्ञापन गरेका छन्। यो बजेटले राज्यका सबै मानिसको भलो गर्नेछ भनी दासले दावा गरेका छन्। राज्यका मध्यवर्गीय, दिव्याङ, कृषक, वोवनी, चिया-श्रमिक, वृद्ध आदि सबैको कल्याण हुने खालको एउटा माइलको खुट्टी स्थापना हुनेछ भनी दावा गरेका छन्।

# सांस्कृतिक उत्सवको साथमा युवा दौड़को आयोजना

**सिलगढ़ी, १२ मार्च।** इन्सपाइरिया नलेज क्याम्पसको वार्षिक सांस्कृतिक उत्सवको दोस्रो संस्करण इन्सभगञ्जा गत ९ अनि १० मार्चको दिन सम्पन्न भयो। यो दुई दिवसीय यस क्षेत्रको प्रमुख सांस्कृतिक उत्सवमा ३२ वटा कार्यक्रमहरू सामेल गरिएको थियो भने उत्सवमा सिलगढ़ी अनि यस वरपरका २५ वटा कलेजले भाग लिएका थिए। बोलीउड पार्श्व गायिका मधुरिमा बस्नु उत्सवको मुख्य आकर्षणकी केन्द्र बनेकी थिइन्। बोलीउड गायिकाको मनमोहक सांगीतिक प्रस्तुतिले श्रोतावृन्द मन्त्रमुग्ध बनेका थिए। कार्यक्रमको एक भागको रूपमा १० मार्चको दिन उत्तर बंगालका युवाहरूको पहिलो चरणको दौड़ पनि आयोजन गरिएको थियो। यो दौड़ ५ कि.मी अनि १० किलोमिटर गरी दुई श्रेणीको रहेको थियो। सिलगढ़ीका प्रसिद्ध सर्जन डा. पीडी भोटियाले झण्डा हल्लाएर उक्त दौड़को आरम्भ गरेका थिए। यसमा प्रत्येक श्रेणीको निम्ति विजेता ट्रफीको साथमा प्रमाणपत्र, पदक अनि सबैको निम्ति राम्रो डिजाइन गरिएको टी-शर्टको व्यवस्था गरिएको थियो। इन्सपाइरियाको यो सुस्वास्थ्यको निम्ति आदर्श पहल थियो।

# बस्तरले पिपल्स लिटरेरी फेस्टिभल गर्ने

**सिलगढ़ी, १२ मार्च।** बस्तर सोलिडारिटी नेटवर्कले आउँदो २४ र २५ मार्च कलकत्तामा दुई दिनव्यापी पिपल्स लिटरेरी फेस्टिभलको आयोजना गर्दैछ। दार्जीलिङ क्षेत्रको प्रतिनिधित्व गर्दै कविद्वय राजा पुनियानी र मनोज बोगटी अनि उदीयमान फिल्मकर्मी पल्लव सिङ्गोकले उत्सवमा सहभागी जनाउने छन्। आयोजक पक्षले दिएको जानकारीअनुसार कलकत्ताको फूलबगान स्थित सुकान्त मञ्चमा आयोजना हुने उत्सवमा दक्षिण भारतका प्रगतिवादी कवि गायक वरवर राव, नारीवादी लेखिका जेसिन्ता केरकेट्टा, तमिल कवयित्री कुट्टी रेवती, महाराष्ट्रकी कवयित्री छायाँ कोरेगाउँकर लगायत हसिना खाना, शाहनाज वशिर, हरिप्रिया सइबम, विसु रिता कोर्चा, कल्याण राव, अरुण फेरेइयाहरूले पनि सहभागी जनाउने छन्। यस बाहेक बंगलादेशका जनलेखक अफसर अहमद, कथाकार अनसरउद्दीन, कवि निर्मल हल्दारलाई पनि लिटरेरी फेस्टिभलमा देखिने छ।

# रियाङको खेल मैदानको निर्माण कार्य जारी

**घूम, १२मार्च।** सुके जोरबंगलो खण्डको प्लुङदुङ ग्राम पञ्चायत अधिनस्थ रियाङ बस्ती खेल मैदानको निर्माण कार्य द्रुत गतिमा अगाड़ि बढ़िरहेको स्थानीय दिपेन्द्र राईले जानकारी गराएका छन्। डीजीएचसी एवं जीटीए जस्ता व्यवस्थाहरूको ओझे-लमा परेको उक्त खेल मैदानको निर्माण कार्य मनरेगा मार्फत भइरहेको बताइएको छ। उक्त खेल मैदानबाट क्षेत्रका युवा एवं विद्यार्थीहरू लाभान्वित हुनेछन्। मनरेगा मार्फत निर्माण भइरहेको उक्त खेल मैदानको तेस्रो चरणको निर्माण कार्य अर्पण राईको सुपरभिजनमा भएको बताइएको छ। उक्त खेल मैदानको निर्माणहेतु सोनाम पाल्देन डुक्पाले आफ्नी स्वर्गीय आमा डोमा डुक्पाको नाममा जमीन दान दिएका हुन्। खेल मैदान निर्माण भएकोमा ग्रामबासी हर्षित बन्दै सम्बन्धित किया एवं जमीनदाताप्रति आभार प्रकट गरेका छन्।

# घरको एलटमेन्ट अडर हातमा लिएर...

भएको एलटमेन्ट अर्डरमा अर्डर नम्बर-८-३६-१.००११ नम्बर उदृत गरिएको छ भने ग्रामीण प्रबन्धन एवं विकास विभागका अतिरिक्त जिल्ला विकास अधिकारी सोरेङले हस्ताक्षर गरेको छ साथै चुम्बुङ च्याखुङ विकास अधिकारीले उक्त अर्डरमा एलटमेन्ट एटेस्टेड पनि गरेका छन् भने खण्ड विकास अधिकारी च्याखुङसलाई यसै निर्वाचन क्षेत्रका विधायक तथा मन्त्री एके घतानीले पनि उक्त अर्डरमाथि केही शब्दहरू कोरेर पठाएको भए तापनि अझसम्म उक्त लाभार्थीले न्याय पाउन नसकेको जनाएकी छन्।

यसरी अर्डर पाएको पाँच वर्ष पुग्न लाग्दा पनि सरकारले दिएको घरको घरेड़ीसम्म शुरू नभएकोमा दु:ख व्यक्त गर्दै यो अर्डर त्यस समयका पञ्चायतले लामो समयसम्म उनको अधिनमा राखि धेरै पछि लाभार्थीको हातमा थमाएको बताइएको छ। यसरी गरीब जनताको घर बनाउने अर्डरमाथि राल काड़ेर आफ्नो गोजीमा नै अर्डर कुहाउने प्रथा भने आज पनि गाउँमा रही आएको छ। सिक्किम प्रजातान्त्रिक पार्टीका विधायक, पञ्चायत तथा कार्यकर्ताले गाउँमा सही काम नगरेको कारण नै चुनाउको समयमा पार्टीले ठूलो जोखिम उठाउनु परेको यो एउटा जवलन्त उदाहरणको रूपमा लिन सकिन्छ। मुख्यमन्त्रीले जनसभामा बारम्बार जनता नै सर्वशक्तिमान हुन अनि ग्रामसभा भनेको जनताको आवाज हो र ग्राम सभाले पारित गरेको प्रस्ताव नै दस्तावेज बन्छ भने पनि आज आएर उक्त घरको अर्डर कागजमा मात्र सिमित भएको छ। तर गाउँकै सरकारबाट यस्तो लापरवाहीले आज आफ्नो घर बनिन नसकेको भन्दै पीड़ित छेत्री अब यो अर्डरलाई हातमा लिएर कानूनको सहारा लिएर अघि बढ़ने चेताउनी दिएकी छन्। यसरी जनतालाई चुनाउको समयमा भ्रममा पार्ने सकली-नकली विभिन्न प्रकारका एलट्मेन्ट अर्डरहरू गाउँ भरी लछेप्रै वितरण गरेको छ। त्यसैको शिकार त होइन के भनी अर्डर नियालेर हेर्दा अतिरिक्त जिल्ला विकास अधिकारी साथै खण्ड विकास अधिकारीहरूले हस्ताक्षर गरेको उक्त अर्डरले बताइ रहेको पनि उनले जनाइन्।

# गोजनामोले दियो नगरपालिका...

नारी मोर्चा टोलीद्वारा नगरपालिकालाई दिइएको उक्त ज्ञापनमा प्रमुख रूपले रोजगारका बाटोहरू खोल्न नगरपालिका क्षेत्रहरूमा रहेका रिक्त पदहरूको आँकड़ा निकालेर जीटीए तथा राज्य सरकारलाई यथाशीघ्र रिपोर्ट दिइदिने अपील गरिएको छ। वर्तमान पहाड़का युवाहरूको ठूलै जमात रोजगारका लागि विभिन्न तालीमहरू सिक्न तथा नोकरी आदि गर्न पैसा खर्च गरेर बाहिर जान परिरहेको छ। नगरपालिकाले यसतर्फ यथाशीघ्र ध्यान दिँदै रोजगारका बाटोहरू खोज्नपर्ने आग्रह ज्ञापनमा गरिएको छ। युवा पलायनको क्रम बन्द गर्दै यहींका विभिन्न होटल, दोकान आदिमा स्थानीय युवाहरूलाई तालीम दिएर सक्षम बनाई ३ महीनाभित्रमा आफ्नै घर-आँगनमा रोजगारका अवसरहरू प्रदान गरिनुपर्नेतर्फ नारी मोर्चाले सोच बनाएकोले यसमा सहयोग पुर्‍याइदिने टोलीले ज्ञापनमा नगरपालिकासमक्ष अपील गरेको छ। यसैगरी, खरसाङ महकुमा कार्यालयमा नगरपालिकाले हेल्प डेस्क राख्नुपर्ने पनि टोलीले ज्ञापनमा अपील गरेको छ। खरसाङ महकुमा अन्तर्गत टाढ़ा-टाढ़ाका विभिन्न गाउँ-बस्तीका मानिसहरू एउटा कामको निम्ति पैसा खर्चेर महकुमा कार्यालय आउनुपर्ने असुविधालाई ध्यान दिनुपर्ने माग गरेका छन्।

# सिङताम स्कूल बिल्डिङ...

असुविधा महशुश गर्दै निराश थिए तर आज अचानक यसरी बाक्लो पानी परेकोले कृषकहरु हर्षित देखिन्थे। अर्कोतिर, आजको भारी वर्षाले सिङताम उच्चत्तर माध्यमिक पाठशाशाको आरएमएसए बिल्डिङ भने खतरा स्थितिमा परेको छ। गत वर्षको २६ सेप्टेम्बर को दिन उक्त स्कूलको यस बिल्डिङ मुनतिर पैह्रो गएकोले बाटो-घाटो सबै भत्काइएको थियो। यहाँ लगाइएको प्लाष्टिकको तिर्पाल पनि मर्किंदै गइरहेको छ। त्यसताक एसडीएम, एसडीपीओ, सिङताम नगरपञ्चायत, एमईओ तथा अन्यान्य पदाधिकारीहरुको दलले पनि उक्त पैह्रो प्रभावित स्थलको निरीक्षण भ्रमण गरि जायजा लिएका थिए। उक्त निरीक्षण टोलीले पैह्रो प्रभावित यस स्थलको संरक्षणको निम्ति पर्खाल लगाई हाल्ने पहल गरिने बताइएको थियो तर आज पाँच महिना बितिसक्दा पनि सो स्थलको संरक्षणको कुनै पहल नगरेकोले विशेष विद्यार्थीहरूलाई बाटोको जटिल समस्या भइरहेको थियो भने आज परेको भीषण वर्षाले झन उक्त स्कूल बिल्डिङ परिसरको जमीन भासिँदै गएको तथा स्कूल बिल्डिङ पनि खतरामा परेको कुरो स्थानीय मानिसहरुले बताएका छन्। उनीहरुले उक्त खतरनाक स्थितिमा रहेको यस स्थललाई सम्बन्धित विभागले झट्टै संरक्षित गर्न पहल गरिदिने माग गरेका छन्। यदि पहल नगरेको खण्डमा उक्त जमीन धस्किएर गए भने स्कूल बिल्डिङ मात्रै होइन यहाँको छेउ-छाउका घरहरुलाई पनि क्षति पुगेको खण्डमा त्यसको सम्पूर्ण जिम्मेवार सम्बन्धित विभाग हुनु पर्नेछ भनी कड़ा चेतावनी दिएका छन्।

# मुख्यमन्त्रीले गरे ट्युलिप...

क्षेत्र विधायक एवं मन्त्री डीडी भोटिया, मन्त्री जीएम गुरूङ आदि उपस्थित थिए। कार्यक्रम को शुरूवात मुख्यमन्त्रीले तथागत सल परिसरमा सिक्किमको पहिलो ट्युलिप फूलको उद्यान उद्घाटन गरे। त्यसपछि, मुख्यमन्त्री तथागत सलको मुख्य मन्दिरमा आयोजित पूजामा सहभागी बने। अर्कोतिर, प्रेरणात्मक चर्चा कार्यक्रममा उपस्थित विद्यार्थीहरूलाई सम्बोधन गर्दै मुख्यमन्त्री चामलिङले राज्यको वर्तमान परिदृश्यमाथि प्रकाश पार्दै सिक्किममा तीव्र गतिमा भइरहेको विकासको जानकारी दिए। उनले मानव अधिकार, प्रजातन्त्र, अर्टीफिसियल इन्टिलिजेन्स, दीगो विकास आदि विषयहरूमाथि पनि प्रकाश पारे। उनले विद्यार्थीहरूलाई आफ्नो समय गुणात्मक शिक्षा आर्जन गर्न उपयोग गर्ने आह्वान गरे। उनले भने, 'राज्य सरकारले शिक्षाको क्षेत्रमा युवाहरूलाई समान अधिकार प्रदान गर्नुका साथै धेरै अवसरहरूको सिर्जना गरिदिएको छ। राज्य सरकारको लक्ष्य शिक्षित युवाहरू तयार गर्नु हो जसले जीवनका चुनौतीहरूको सामना गर्न जिम्मावारीपूर्वक निर्णय लिन सक्नेछन्।' मुख्यमन्त्रीले सिक्किमलाई विकास, गुणात्मक स्वास्थ्य, शिक्षा र जीवनस्तरको क्षेत्रमा सिक्किमलाई एउटा आदर्श राज्य बनाउने सपना रहेको बताए। राज्य सरकारले असल व्यावसायिक कौशल भएका प्रशिक्षित एवं दक्ष शिक्षकहरू उपलब्ध गराउन असल सुविधा र पूर्वाधारहरूमाथि ध्यानकेन्द्रित गरेर काम गरिरहेको आफ्नो सम्बोधनमा बताए। उनले भने, 'राज्यका शिक्षित युवाहरू बौद्धिक समाज निर्माण गर्न सक्षम बन्नुपर्छ।' उनले युवाहरूलाई लिंग भेदभाव र असमानतामुक्त समाज निर्माण गर्न काम गर्ने आह्वान गरे। यस अतिरिक्त मुख्यमन्त्रीले सिक्किमका विद्यार्थीहरूको निम्ति सीसीटी, चिसोपानी र एटीटीसी बरदाङमा नि:शुल्क शिक्षा, मुख्यमन्त्री स्टार्ट-अप योजना, जैविक खेती, सोकेथाङमा फर्मेसी र चिकित्सा महाविद्यालय, तिमीमा बागवानी महाविद्यालय आदि विषयबारे जानकारी दिए। कार्यक्रममा मुख्यमन्त्रीलाई तथागत सल समितिद्वारा सम्मानित गरियो।

नोट : पाठकहरूलाई यो सूचित गरिन्छ कि यस समाचार पत्रमा प्रकाशित कुनै पनि विज्ञापनहरूलाई स्वीकार गर्नु अघि यसको सत्यतालाई जाँच गर्नुपर्नेछ। कुनै प्रकारको धोखा, हानी भएमा त्यसको जवाफदेही यो समाचार पत्र अथवा प्रकाशक हुनेछैन। -सम्पादक